# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
### प्रदेश नं. ५ नेपाल

**व्यवसाय दर्ता तथा सुचिकृत गर्ने म्याद थप गरिएको सूचना**

मिति :२०७७/०६/२१

यस गाउँपालिका भित्र सञ्चालित व्यवसायहरु गाउँपालिका तथा सम्बन्धित निकायमा दर्ता हुनुपर्ने कानूनी व्यवस्था भएकोमा हालसम्म पनि दर्ता तथा सुचिकृत नभएका व्यवसायीहरूलाइ ७ दिन भित्र (मिति २०७७/०६/२८) दर्ता तथा सूचिकृत हुन आउन म्याद थप गरिएको छ। सो मितिसम्म दर्ता गर्न नआएमा रु. २०० (दुईसय) जरिवाना लाग्नेछ।

दर्ता हुनका लागि तोकिएको ढाँचामा निवेदन, व्यवसायीको नागरिकताको प्रमाणपत्र, व्यवसायीको पासपोर्ट साइजको फोटो २ प्रति घर, जग्गा भाडामा लिएको भए घर बहाल सम्झौता, वडाको सिफारिस संलग्न राख्नुपर्नेछ।

अन्य निकायमा दर्ता भएका व्यवसायीको हकमा दर्ताको प्रमाणपत्र, भ्याट, प्यान दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, व्यवसायीको नागरिकताको प्रमाणपत्र, घर, जग्गा भाडामा लिएको भए घर बहाल सम्झौता राखि निवेदन पेश गर्नुपर्नेछ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

Website: www.madimunrolpa.gov.np Email: madi.rumn73@gmail.com Phone : 086416036